# न्यूजप्रवाह साप्ताहिक

Newsprabah weekly

स्थानीय 'ग' वर्गमा वर्गीकृत

❖ वर्ष ५ ❖ अंक २१ ❖ २०८२ पुस ९ गते बुधबार ❖ Wednesday, 24 Dec, 2025 ❖ मूल्य रु. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)


### उज्यालो नेपाल पार्टीको जिल्ला भेला

## देश बदल्न राजनीतिको बाटो समातेँ : मन्त्री घिसिङ




भरतपुर । ऊर्जा तथा जलस्रोतमन्त्री कुलमान घिसिङले उज्यालो नेपाल पार्टी कोही कसैप्रति दूराग्रह बोकेर नहिँड्ने बताएका छन् । शनिबार पार्टीको जिल्लास्तरीय भेलालाई सम्बोधन गर्दै मन्त्री घिसिङले आफूहरुमाथि जस्तोसुकै आरोप आए पनि त्यसको प्रतिवादमा उत्रिनुको अर्थ नरहेको बताएका हुन् । ' हामी कसैले लगाएको आरोपको खण्डन गर्दैनौँ । किनकि आरोप लाग्छ, दुई महिनापछि त्यो आरोप सत्य हो कि आरोप मात्रै हो भन्ने कुरा पुष्टि भइहाल्छ,' उनले भने, 'त्यसकारण हामीले काम गरेर देखाउने हो । जनतालाई डेरिभरी दिने हो, बोल्ने होइन ।'

देश बदल्नको लागि सामाजिक काम या अभियान चलाएर मात्रै नहुने हुँदा दलमार्फत नै राजनीतिमा होमिएको पनि उनले बताए । 'म नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकबाट हटाइएपछि अब मैले के गर्ने त ? कि त घरमै बस्नुपर्‍यो । कि त धार्मिक संस्थामा जोडिएर काम गर्न पर्‍यो । कि त अरु सामाजिक संघसंस्थामा बसेर काम गर्नुपर्‍यो,' उनले भने, 'ती संस्थामा बसेर देशमा ठोस परिवर्तन गर्न सकिँदैन भनेर राजनीतिमा लागेँ ।'

विद्युत प्राधिकरणको कार्यकारी निर्देशकबाट हटाइएपछि देश दौडाहामा निस्किँदा पाएको प्रतिकृियाका आधारमा पनि राजनीतिमा आउन सहज भएको उनले बताए । 'धेरैले धेरैथरी प्रतिकृया दिनुभयो । त्यसैलाई आत्मसात् गर्दै राजनीतिमा आएको हुँ,' उनले भने, 'धेरैजसोले राजनीतिमा आउनुपर्छ भन्ने सल्लाह दिनुभयो । केहीले चाहिँ राजनीति फोहोरी खेल हो तपाइँजस्तो मान्छे राजनीतिमा आउनु हुन्न भन्नु भएको थियो । तर, देश बदल्नको लागि नीतिगत तहमै पुग्नुपर्ने देखिएकोले मैले राजनैतिक बाटो समातेको हुँ ।'

जनस्तरको काम गर्न अथवा जनतालाई डेलिभरीसहितको सुविधा दिनको लागि कानुनीरुपमै बलियो हुनुपर्ने उनले बताए । 'किसानले धान उत्पादन गर्छ । तर, मूल्य नपाएर गोदाममै थन्किएको छ । यता हामी भने बाहिरी मुलुकबाट आएको चामल किनेर खान बाध्य छौँ,' उनले भने, 'हो, यस्तो अवस्था आउन नदिनको लागि हामी कानुनी रुपमै बलियो हुन जरुरी छ । जबकि कुनै पनि किसानको धान बिक्री नहुँदा बिचौलियालाई आधा मूल्यमा बेच्न नपरोस् ।'

(बाँकी ५ पेजमा)

## पत्रकारहरु स्वयम् जिम्मेवार हुनुपर्छ : प्रेस काउन्सिल

भरतपुर । प्रेस काउन्सिल नेपालका अध्यक्ष कुमार शर्माले पत्रकार आचारसंहिता पालनामा सञ्चारमाध्यमका सञ्चालक र पत्रकारहरु स्वयम् जिम्मेवार हुनुपर्ने बताएका छन् ।

'पत्रकारले के गर्न हुन्छ र के गर्नहुन्न भन्ने विषय आचारसंहितामा उल्लेख छ, तर स्वयम्ले मनन गर्नुपर्छ




कि जिम्मेवार पेसाका जिम्मेवार व्यक्ति र संस्थाले के गर्नु हुन्छ र हुन्न भन्ने', अध्यक्ष शर्माले भने ।

प्रेस काउन्सिल नेपालको आयोजना र नेपाल पत्रकार महासंघ चितवनको संयोजनमा आइतबार भरतपुरमा आयोजित पत्रकार आचारसंहिता जागरण कार्यक्रममा बोल्दै प्रमुखअतिथि शर्माले पत्रकारहरु कुनै पनि राजनैतिक संघसङ्गठनमा आवद्ध हुन नहुने बताए ।

कार्यक्रममा बोल्दै प्रेस काउन्सिल नेपालका सदस्य सन्तराम विडारीले पत्रकारहरु आफैँ जिम्मेवार र पेसाप्रति मर्यादित भएमा आचारसंहिता उल्लङ्घनका घटना नहुने बताए ।

यस्तै, काउन्सिलका अर्का सदस्य नकुल अर्यालले कुनै पनि विषयमा समाचार लेख्नुअघि तथ्यमा यकिन हुनुपर्ने बताए । प्रेस काउन्सिल

(बाँकी ५ पेजमा)

## धार्मिक पर्यटनको विकास गर्न मन्त्रीसमक्ष जोड

नारायणगढ । चितवन उद्योग वाणिज्य संघले समसामयिक व्यावसायिक एवम् समग्र चितवनको विकासका विषयमा अन्तर्क्रिया




कार्यक्रम आयोजना गरेको छ ।

कार्यक्रममा विभिन्न क्षेत्रका उद्योगी, व्यवसायीहरू तथा आमजनसमुदायले आफ्ना समस्या समाधानका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिकपूर्वाधार तथा यातायात, सहरी विकासमन्त्री कुलमान घिसिङसामु प्रस्तुत गरेका थिए ।

कार्यक्रममा स्वागत गर्दै चितवन उद्योग वाणिज्य संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले सरकारले देवघाट क्षेत्र, नारायणी नदीकिनार हुँदै वाल्मीकि आश्रमसम्मलाई गुरूयोजना बनाएर धार्मिक पर्यटनको विकास एवम् प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए ।

उनले चितवनमा औद्योगिक क्षेत्र स्थापना नभएका कारण उद्योगीहरू पलायन भएको बताउँदै शक्तिखोर औद्योगिक क्षेत्र निर्माणका लागि आवश्यक पहल गर्न मन्त्रीसँग अनुरोध गरे । उनले मेला-महोत्सवको नाममा स्थानीय एवम् औद्योगिक उत्पादनको प्रवर्द्धन, पर्यटन प्रवर्द्धनभन्दा अन्य क्रियाकलापहरू भइरहेकोले त्यस्तो हुन नदिनसमेत मन्त्रीसमक्ष ध्यानाकर्षण गराए ।

कार्यक्रमका प्रमुखअतिथि मन्त्री घिसिङले उद्योगी व्यवसायीहरू तथा आमजनसमुदायले प्रस्तुत गरेको गुनासोहरूको सम्बोधन गर्दै तीनै तहका सरकार र निजी क्षेत्रको सहकार्यमा चितवन जिल्लालाई

(बाँकी ५ पेजमा)

## 'वर्तमान परिस्थितिमा निर्वाचनको विकल्प छैन'

नारायणगढ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि



लामिछानेले वर्तमान परिस्थितिमा निर्वाचनको विकल्प नरहेको बताएका छन् ।

कारागारबाट रिहा भएपछि चितवनको भरतपुरस्थित चौबिसकोठीमा आफ्ना कार्यकर्ता र शुभेच्छुकलाई सम्बोधन गर्दै उनले जेनजीले देखाएको सपना पूरा गर्न निर्वाचनको विकल्प नरहेको बताएका हुन् । उनले नवपुस्ताका मागको सम्बोधन र निर्वाचन सम्पन्न गर्न दृढ रूपमा उभिने प्रतिबद्धता व्यक्त गरे ।

सभापति लामिछानेले भने, "निर्वाचनअघि जेनजी आन्दोलनको बलमा बनेको सरकारले उनीहरूका सपना पूरा गर्ने हिम्मत र क्षमता देखाओस् । रास्वपा जेनजीका माग

(बाँकी ५ पेजमा)

## गैरआवासीय नागरिकता लिने बढे

भरतपुर । नेपाली नागरिकता परित्याग गर्नेभन्दा गैरआवासीय नागरिकता लिनेको संख्या यहाँ बढेको छ । गत साउनयता यहाँ ४० जनाले नागरिकता परित्याग गर्दा ४९ जनाले गैरआवासीय नागरिकता लिएका छन् ।

सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी शर्माका अनुसार नागरिकता परित्याग गर्नेमा १३ महिला र २७ पुरुष छन् ।

गैरआवासीय नागरिकता लिन नेपाल आएका समयमा नेपाली नागरिकता परित्याग गर्ने गरेको उनले बताए । जिल्लामा साउनयता २० महिला र २९ पुरुषले गैरआवासीय नागरिकता लिएका छन् ।



यो नागरिकताका लागि कार्यालयले जारी गरेको अनुसूची फर्म भरेर पासपोटको फोटोकपी, विदेशी नागरिकताको फोटोकपी, नागरिकता त्यागेको निस्सा र नातेदार वा चिनजानको व्यक्तिले सनाखत गर्नुपर्ने उनले बताए ।

विदेशमा बसेका नेपालीहरूले नेपालमा लगानी गर्न सहजताका लागि गैरआवासीय नागरिकता लिने गरेको उनले जानकारी दिए । जिल्लामा दुई जनाको नागरिकता रद्द गरिएको उनले बताए । दोहोरो नागरिकता रहेको वा राज्यविरोधी गतिविधि गरेकाहरूको नागरिकता रद्द गरिएको हो ।

साउनयता यस कार्यालयबाट वंशजका आधारमा तीन हजार ७५९ जना र वैवाहिक अङ्गीकृत नागरिकता ११ जनाले लिएका छन् ।


## मतदानमा सहभागी बनौं ।

- ❖ मतदान गर्नु नागरिकको अधिकार कर्तव्य हो,
- ❖ मतदाताको अधिकारलाई जिम्मेवारीपूर्वक निर्वाह गरौं,
- ❖ मतदातामा नामावलीमा आफ्नो नाम दर्ता भए नभएको एकिन गरौं,
- ❖ मतदान स्थल, केन्द्र र समयको बारेमा जानकारी राखौं,
- ❖ मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्य रुपमा लिएर जाऔं,
- ❖ दबाब र प्रभावमा परी मतदान नगरौं,
- ❖ व्यक्तिगत विवेकका आधारमा मतदान गरौं,
- ❖ अस्वस्थ, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएको व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं,
- ❖ सामाजिक सद्भाव, शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं,
- ❖ राष्ट्रिय हित, विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग

## सम्पादकीय

# हटाऔँ कुप्रथा र कुरीतिहरु

नेपाली समाजमा सदिऔँदेखि जरा गाडेर बसेका रुढीग्रस्त आस्था र परम्परा अझै कायमै छन् । जसमध्ये एक हो- छाउगोठ । पछिल्लो समय छाउगोठका विरुद्ध सरकारी तथा गैरसरकारी संस्था, सामाजिक अगुवा, महिला अधिकारकर्मीलगायतले अभियानकै रुपमा काम गरिरहेका छन् । तर, महिनावारी (रजस्वला) हुँदा मूल घर छोडेर गोठमा बस्नुपर्ने नियतिको भने अन्त्य भइसकेको छैन । सरकारले छाउपडीजस्तो सामाजिक विभेदविरुद्ध सम्बन्धित जिल्ला प्रशासनमार्फत छाउगोठ भत्काउन निर्देशन दिएपश्चात् स्थानीय तहमा छाउगोठ भत्काउने अभियान जारी नै छ । विशेषगरी, सुदूरपश्चिमको दार्चुला र बैतडी बाहेकका जिल्ला अछाम, बाजुरा, बझाङ, डोटी, कैलाली र कञ्चनपुरमा अझैसम्म छाउपडी गोठ छन् । यस्तै, कर्णाली प्रदेशका सुर्खेत, दैलेख, सल्यान र जाजरकोटमा छाउपडी प्रथाले जरो गाडेको छ । बझाङमा छाउगोठमा बसेका महिलालाई सर्पले टोकेका घटना बढी छन् । बझाङमा छाउगोठ भत्किए पनि कुरीति भने कायमै छ । महिनावारी हुँदा बस्न बनाइएका गोठ/छाप्राहरु भत्काइए पनि मानिसले आस्थापूर्वक मान्दै आएका कुप्रथाहरु भत्किन सकेका छैनन् ।

महिलाहरु छाउगोठमा बस्दा बलात्कृत हुनुपरेका दृष्टान्त पनि छन् । सर्पको टोकाइबाट ज्यान जाने, जीव, जनावरबाट पनि जोखिममा पर्ने र गोठमा निस्सासिएर मृत्यु भएका घटना पनि थुप्रै छन् । अहिले छाउगोठ भत्किएका ठाउँमा महिलाहरु खुला चौरमा रात बिताउन बाध्य भइरहेको खबर सार्वजनिक भएका छन् । चिसो मौसममा खुला चौर, पराल वा स्याउलाका भरमा रात कटाउनुलाई धर्म, परम्परा र आस्थासँग जोडेर हेर्ने प्रवृत्तिले कुरीतिका गोठहरु भत्किन सकेका छैनन् । हाम्रो समाजमा छाउपडीमात्र होइन, प्रथाका नाममा अमानवीय व्यवहारका घटनाहरुको पुनरावृत्ति हुँदै आएको छ । गरिबी र अशिक्षाको कारण पछाडि परेको समाजमा बोक्का-बोक्सीको नाममा प्रताडना दिने कार्य भइरहेका हुन्छन् । विशेषगरी, विपन्न, गरिब, असहाय र निर्धो व्यक्तिलाई बोक्सी करार गरेर समाजमा कथित उपल्लो वर्गले अमानवीय कृत्य गरिरहेका पाइन्छन् । यस्ता घटना अशिक्षित समाजमा बढी हुने भएकाले समाजलाई शिक्षित र सम्पन्न बनाउनु नै राज्यको पहिलो दायित्व हुन आउँछ । कुरीति र अन्धविश्वासले गाँजेको समाजमा दाइजो प्रथा अर्को समस्या हो । दाइजोका कारण महिलाहरुले विभिन्न प्रताडना, ज्यादती र दुर्व्यवहार भोग्नुपरेका, जिउँदै जल्नुपरेका, पासविकरुपमा हत्या गर्नेसम्मका कुकृत्य विद्यमान छन् ।

पछिल्लो समय चेतनाको स्तर बढेसँगै कतिपय पहाडी गाउँमा छाउगोठ बाध्यकारी छैन । तर, मनमा छाउगोठ रहिरहँदा गोठ भत्किए पनि महिलाहरु खुला चौरमा बस्नु भनेको छाउ नबार्दा वा मूल घरमै बस्दा देउता रिसाउँछन् भन्ने भयका कारणले हो । मानिसलाई मनोवैज्ञानिकरुपमा त्रास देखाउने धामी, झाँक्री या पूजारीलाई यस्तो कुरीतिविरुद्ध प्रशिक्षित गर्नुपर्छ । अगुवाले जे बाटो देखायो पछिल्लो पुस्ताले त्यसकै सिको गर्ने हुन् । त्यसैले छाउप्रथालाई पुस्तान्तरण हुन नदिन शिक्षित महिलाहरुले यस्तो परम्पराको क्रमभङ्ग गर्नुपर्छ । गलत बुझाइ र चेतनाको कमीका कारण एक्काइसौं शताव्दीमा आइपुग्दा पनि हामी पछाडि परिरहेका छौं भन्ने तथ्य आत्मसात् नगरेसम्म मनका छाउगोठ कायमै रहने छन् । अब पनि कुनै पनि प्रकारको सामाजिक विभेद, छुवाछूत कायम रहनु भनेको आधुनिक समाजको सूचक होइन । शिक्षा र चेतनाको विकासबाटै आधुनिक समाजको कल्पना गर्न सकिन्छ । कुप्रथाको निरन्तरताले पश्चगामी भइन्छ । हामी विश्वसमुदायको तुलनामा पछाडि रहनुको कारण परम्पराको रुपमा अपनाइने कुप्रथा नै कारक हो । संसारमा दुई मात्र जात छन्, महिला र पुरुष । दुई मात्रै वर्ग छन् शिक्षित र अशिक्षित । त्यसैले शिक्षित र आधुनिक बन्नु छ भने समयअनुसार कुप्रथा र कुरीतिहरु परिवर्तन गर्दै लैजानु जरूरी देखिन्छ ।

# घरबाट डेराको यात्राको अनुभूति



## राजनीति

- शंकर पोखरेल

१६ वर्षको उमेरमा, २०३७ सालमा पढाइका लागि घर छोडें। त्यसपछि सुरु भएको मेरो डेरावास २०६० सालसम्म निरन्तर रह्यो। राजनीतिक कारणले पढिरहेको विद्यालय पढ्न नसकेपछि दाजु देवी पोखरेलको मार्गदर्शनमा म वनारस पुगें, पढाइलाई निरन्तरता दिनका लागि। त्यो बेला वनारस नेपालीहरूको धार्मिक, शैक्षिक र राजनीतिक गतिविधिको केन्द्र जस्तै थियो। त्यहाँ मैले नेपाली समुदायसँग मिलेर पढाइ, राजनीति र समाजसेवामा आफैंलाई समर्पित गरैं। इलाहावाद बोर्डबाट एसएलसी सरहको परीक्षा पास गरेपछि विज्ञान विषयमा अध्ययन सुरु गरें ।

पढाइकै क्रममा घर फर्किएको बेला अनेरास्ववियुले नेपालको इतिहास मै पहिलोपटक नेपाल बन्दको आयोजना गरेको थियो। त्यसमा सहभागी हुँदा घोराहीमा गिरफ्तार भएँ। पहिलोपटक प्रहरीको बलप्रयोग र यातनाको सामना गर्नुपऱ्यो – सो क्रममा मेरो बाँया हात भाँचियो। उपचारको अवसर समेत नपाई तुल्सीपुर कारागारमा पठाइएँ। करिब पाँच महिना जेल जीवन बिताउँदा विज्ञान अध्ययन रोकियो। त्यसपछि प्राइवेट परीक्षार्थीका रूपमा आईकम परीक्षा दिएँ र पास गरैं। वि.कम अध्ययन भने बनारसको बि.एच.यु अन्तर्गत क्याम्पसमा नियमित विद्यार्थी भएर पूरा गरें ।

पाँच वर्षको बनारस बसाइपछि उच्च शिक्षाका लागि त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा भर्ना भएँ। एम.बि.ए विद्यार्थीका रूपमा पढाइ र राजनीतिको नयाँ अध्याय सुरु भयो। कक्षा १० देखि नै राजनीति र अध्ययनलाई सँगसँगै अघि बढाउँदै आएँ। राजनीतिक सकृयता हुँदाहुँदै पनि पढाईमा अवरोध आएन । जसको कारणले उक्त समयमा कम उमेरमै उच्च शिक्षा हासिल गर्ने सौभाग्य प्राप्त भयो । २०३७ सालमा शिक्षाका लागि सुरु भएको डेरावास २०६० सालसम्म निरन्तर रह्यो । डेराको बसाइ र घरबेटीसँगका सम्बन्धका मीठा-तीता अनुभव मैले पनि अरू डेरावालहरुले झैं गरेको छु । आज ती सन्दर्भको संझना गर्दा रमाईलो अनुभूती हुन्छ ।

अमेरिकामा डि.भि. परेर जानुभएकी सुजिताकी दिदीले किन्नुभएको चार आनाको घडेरी बैनीलाई दिनुभयो। पैतृक सम्पत्तिको जग्गा बिक्रीबाट दाजुले पठाउनुभएको रकमले त्यहीँ घर बनायौं । जेन्जी आन्दोलनसम्मकाठमाण्डौकोआफ्नै घरमा बसिरहेका थियौं । दाङको विजौरीस्थित पैतृक सम्पत्तिको अंशवण्डापछि प्राप्त नगद र जग्गा बिक्रीबाट आएको रकमले त्यहाँ पनि घर बनाएका थियौं । त्यो घर नयाँ प्रविधि आधारित इको प्यानलको थियो । तराई क्षेत्रका लागि लु र सितलहरमा उपयोगी हुने प्रविधिलाई प्रयोग गरी उक्त घर बनाएका थियौं । तर २४ गतेको लुटपाट र आगजनीमा दुबै घर पूर्ण रूपमा क्षतिग्रस्त भए । हामी दुबैजना (सुजिता र मेरो) ५०-५५ वर्षको शैक्षिक, राजनीतिक र सामाजिक जीवनसँग जोडिएका सम्पूर्ण कागजात, सामग्री र सम्झनाहरू खरानी बने । दुई छोरीहरुले प्रयोग गरेका लत्ताकपडा सहितका अध्ययन सामग्रीहरु जलेर नष्ट भए । २४ गतेको विध्वंसात्मक घटनामा, घरविहीन भएपछि झण्डै अढाई महिनासम्म साथीहरूको आतिथ्यतामा बसियो । हिजोदेखि एउटा फ्ल्याटमा भाडाको बसाई सुरु भएको छ । यसबीचमा न्यानो साथ र सहयोग दिनुहुने सम्पूर्ण मित्रहरू र वहाँहरुका परिवारजनप्रति हामी सधैं कृतज्ञ र आभारी रहनेछौं ।

यतिबेला यो प्रसंग कोट्याउनुको अर्थ हामी घरबाट डेरामा बसाई सर्नुपरेको पीडा पोख्न होइन । हाम्रो घरमा भएको आगजनी र लुटपाटलाई “भ्रष्टाचारविरोधी अभियान” सँग जोडिन पुगेका कारणले केही कुरा स्पष्ट पार्न आवश्यक ठानेको छु । म जन्मिएको परिवार एक समय दाङकै सम्पन्न परिवारमध्ये पर्थ्यो । तर हामी हुर्किएको परिवेश भने ग्रामिण क्षेत्रको मध्यमवर्गीय परिवेश हो । हाम्रो परिवारको सामाजिक प्रतिष्ठा विगत देखि नै निकै राम्रो मानिन्थ्यो । मेरो ठुलो दाजु देवी पोखरेल जसको गएको वर्ष असामयिक निधन भयो । उहाँको जीवनशैली प्रगतिशिल आचरण, सामाजिक जागरण र अन्य व्यवहारिक आदर्शलाई सम्झनेहरु अहिले पनि निकै धेरै छन् । अहिलेको संस्कृत विश्वविद्यालयसहितका हजारौं बिघा जग्गाको सबैभन्दा ठूलो दाता मेरो हजुरआमा (बजै) र बुबा हुनुहुन्थ्यो। हाम्रो परिवारले मात्र शिक्षा र समाजसेवाका लागि करिब ३०० विघा जग्गा दान गरेको थियो । त्यही दानवीर हजुरआमाको संरक्षणमा हुर्किएको परिवार हो हाम्रो । हामी सबै दाजुभाई दिदीवहिनीहरुको जीवनमा त्यसको निकै गहिरो प्रभाव छ ।

दाजु देवी पोखरेल, म र मेरी बहिनी मेनका राजनीतिमा सकृय हुँदा पनि हाम्रो परिवारसँग करिब ४० विघा जमिन बाँकी थियो। तर त्यही जग्गाको विक्रिबाट नै हाम्रो शैक्षिक र सामाजिक कामको जोहो हुने गर्थ्यो । आमाको देहावसानपछि हाम्रो परिवारको संयुक्त स्वामित्वमा करिव १५ विघा जति जमिन बाँकी थियो । जबकी त्यतिबेलासम्म म सांसद र मन्त्री समेत भइसकेको थिएँ । तीन दाजुभाई बीचको अंशवण्डापछि अहिले हाम्रो नाममा करिब ४ विघा पैतृक जग्गा छ, जसमा काठमाडौँ र दाङमा दुईवटा घर रहेका थिए । ती घर मात्र थिएनन् भावनात्मक मूल्य सहितको असीमित गौरवको विषय थिए । अहिले ती दुबै घर बस्न अयोग्य खण्डहरको अवस्थामा छन् । कति लुटिए र कति जले भनेर छुट्याउन सकिने अवस्था पनि छैन । जलेको खरानी मात्र बचेको कारणले ती सबै जलेको ठानेका छौं । लुटेर लगेकाहरुले सुदपयोग गरेकै होलान् । अव त्यसको खोजी गर्नु पनि छैन । अपराध नियन्त्रण राज्यको कर्तव्य हो । त्यसले आवश्यक ठाने केही गर्ला नै । तोडफोड, लुटपाट र आजगनी सामान्य विषय होइन । यो त राष्ट्र, राज्य र लोकतन्त्रलाई कमजोर बनाउने भू-राजनीतिक चाल थियो । तर हाम्रा सामाजिक संजालमा लत बसेका नवयुवाहरु ती षडयन्त्रलाई बुझ्न नसकी वन्द गरिएको नाममा आक्रोस पोख्न उतारु भए । त्यसमा देशभित्रका अनेक स्वार्थी तत्वहरु र अपराधिक समुह मिसिए । आज सबैलाई त्यो अनुभूती भइरहेको छ । अझै पनि अनुभूती नभएकाहरुलाई भविष्यमा हुनेनै छ ।

तर जेन्जीका नाममा सुरु भएको आन्दोलनका सुरुका माग भने नाजायज थिएनन् । हाम्रो पार्टी र सरकार ती नवयुवाहरुको माग र भावनाको पक्षमा रहदै आएको छ । तर उनीहरुका माग न सरकार समक्ष प्रस्तुत गरिएको थियो । नत त्यसको प्रत्यक्ष र स्विकार्य नेतृत्व नै अघि आएको थियो । तर हाम्रा नवयुवाहरुको भावना र आकांक्षामा खेल्ने योजनाका साथ स्वार्थी तत्व सुरुदेखिनै सकृय रह्यो । त्यसले दुई दिनको छोटो समयमै सिंगो मुलुक गौरव र सामर्थ्यलाई असाधरण रुपमा क्षति पुर्याउने काम गरे । मुलुकलाई राज्यविहीनताको काहाली लाग्दो अवस्थामा पुर्याए । त्यही क्रममा केही स्वार्थी र कुण्ठाग्रस्त व्यक्तिहरू र अपराधिक चरित्रका व्यक्तिहरुको उक्साहट र सहभागितामा हाम्रो घर समेत जलाइयो र लुटपाट गरियो । त्यहाँ आउनेहरु केही योजनावद्ध थियो केही भावनामा बहकिएर आएका थिए होलान् । म यस क्षतिलाई पनि म राजनीतिक संघर्ष कै एउटा पाटोका रूपमा बुझ्दछु ।

सुशासनको पक्षमा र भ्रष्टाचार विरोधमा म र मेरो परिवार सधैं पारदर्शिता र उत्तरदायित्वका पक्षमा उभिँदै आएका छौं । पहिलो पटक प्रतिनिधिसभा सदस्य हुँदा, ‘प्राडो-पजेरो संस्कृतिको’ गलत परम्परा शुरु भएको थियो। त्यतिबेला म ती सुविधाविरुद्ध खुलेर उभिएको थिए । प्रायः सबैले लाखौं मूल्यको गाडी सुविधा लिँदा मैले त्यसलाई अस्वीकार गरेंको थिए । सांसदका रूपमा धेरैले उपचार खर्चमा राज्यको लाखौं रुपैयाँ लिँदा पनि मैले गम्भीर बिरामी हुँदा समेत कुनै सुविधा लिईंन। मुख्यमन्त्री हुँदा तीन वर्षभन्दा बढी समयसम्म भ्रमणमा प्रायः सरकारी गेस्टहाउस मै बसैं, विशेष सुविधा वा भत्ता लिइनँ । मेरो कार्यकालमा लुम्बिनी प्रदेशको पूँजीगत खर्च तेस्रो वर्षमा १०० प्रतिशत रह्यो। मैले सम्हालेको मुख्यमन्त्री कार्यालय र अर्थ मन्त्रालयको बेरुजु म रहदासम्म शून्य थियो ।

मैले अहिलेसम्म हरेक काममा आफुलाई आर्थिक अनुशासन र मितव्ययिताका दृष्टिले उदाहरणीय बन्ने र बनाउने प्रयास गरैं । तर भ्रस्टाचार विरोधका नामको कथित आक्रमणमा चर्को निशानामा हाम्रो परिवार पर्न गयो । यसका वावजुत म जेन्जीका नाममा सकृय नवयुवाहरुको भावनालाई सम्मान नै गर्दछु । त्यसको आवरणमा भएको अपराधको भने चरम घृणा गर्दछु । म“जेन्जी” अभियानका नाममा सुशासन र भ्रष्टाचारविरोधी आन्दोलन चलाइरहनु भएका नव युवाहरूलाई भन्न चाहन्छु- तपाईंहरूको आदर्शको मापदण्डमा कोही छन् भने म आफैंलाई तीसंग परिक्षणमा लैजान तयार छु ।

**विज्ञापन गर्नु परेमा**

सम्पर्क :
९८४५०६७४१४
९८०९२५८००६



# रगत अभाव न्यूनीकरणका लागि भरतपुर अस्पतालमा नियमित रक्तदान

भरतपुर। अस्पताल परिसरभित्र नियमित रक्तदान सुरू गरिएपछि अस्पतालभित्र हुने गरेको रगत अभावमा कमी आउन थालेको छ। २०८१ चैतबाट भरतपुर अस्पतालमा नियमित रक्तदान सुरू गरिएको थियो।

हप्ताको आइतबार, मङ्गलबार र बिहीबार बिहान ८:०० बजेदेखि २:०० बजेसम्म रक्तदान हुने गरेको छ। यदि नियमित रक्तदान हुने बार बिदाको दिन परेमा त्यसको भोलिपल्ट रक्तदान गर्ने गरिएको भरतपुर अस्पताल रक्तसञ्चार युनिटका इन्चार्ज विष्णुप्रसाद बास्तोलाले जानकारी दिए।

इन्चार्ज बास्तोलका अनुसार प्रत्येक दिन २० देखि २५ जनाले रक्तदान गर्ने गरेका छन्। रक्तदान सुरू गरिएको ९ महिनामा ३ हजार ३६० जनाले रक्तदान गरेका छन्। अस्पतालमा दैनिक औसतमा ५० पोका रगत चाहिन्छ। यसरी अस्पतालमा चाहिने कुल रगतको आधा मात्रा अस्पतालभित्रै हुने रक्तदान कार्यक्रमबाट परिपूर्ति हुने गरेको छ। अस्पतालमा भर्ना गरेर बसेका, ओपिडी (बहिरङ्ग) र इमरजेन्सी (आकस्मिक) मा सेवा लिन आएका बिरामीका कुरुवाले रक्तदान गर्ने गरेका छन्।

रक्तदातामध्ये ६० प्रतिशत पुरुष र ४० प्रतिशत महिला रहेको इन्चार्ज बास्तोलले जानकारी दिए। महिलाले पनि रक्तदान गर्ने संख्या बढ्दै गएको उनले बताए। उनले भने, 'हामी रक्तदानप्रति उत्प्रेरणा जगाउनसमेत सफल भएका छौँ।' रक्तदानमा थप उत्प्रेरणा जगाउन रक्तदातालाई प्रमाणपत्रसहित खाजाको पनि व्यवस्था गरिएको उनले बताए। खाजा खर्च भने भरतपुर महानगपालिकाले व्यहोर्दै आएको छ।

रक्तसञ्चार युनिटमा ५ जना कर्मचारी छन्। ३ जना रक्तदानमा खटिने र २ जना युनिटभित्र रहने गरेको इन्चार्ज बास्तोलाले बताए। रक्तदान गर्न आउनेहरुको हेमोग्लोबिन परीक्षण गरेरमात्र रक्तदान गराउने गरिएको छ।

भरतपुर अस्पताल केन्द्रीयस्तरको अस्पताल हो। यहाँ सेवा लिन चितवनसहित यस आसपासका जिल्लाका बिरामीहरुमात्र होइन, देशभरका विभिन्न जिल्लाबाट बिरामी आउने गर्छन्। इन्चार्ज बास्तोलले भने, 'यहाँ विभिन्न जिल्लाबाट बिरामी आउँछन्। नयाँ ठाउँमा रगत खोज्न समस्या हुन्छ। अस्पतालमै नियमित रक्तदान हुन थालेपछि विशेषगरी टाढाबाट आउने बिरामीलाई सहज भएको छ।

हाम्रो उद्देश्य पनि बिरामी कुरुवाहरु नयाँ ठाउँमा रगत नपाएर भौँतारिनु नपरोस् भन्ने हो।' अस्पतालको रक्तसञ्चार युनिटले गर्ने रक्तदानको रगत अस्पतालकै युनिटमा राख्ने गरेको छ।

भरतपुर अस्पताल परिसरभित्रै रेडक्रसको रक्तसञ्चार केन्द्र समेत रहेको छ। विभिन्न ठाउँबाट सङ्कलित रगत सो केन्द्रमा लगेर राखिन्छ। केन्द्रभित्रै रक्तदान गर्न चाहनेका लागि पनि रगत सङ्कलन गर्ने गरिन्छ।

स्वास्थ्य निर्देशिकाअनुसार केन्द्रीय, जिल्ला, प्रदेश र स्थानीय सबै स्तरको अस्पतालमा रक्तसञ्चार युनिट हुनुपर्छ। प्रायः सबै अस्पतालमा रक्तसञ्चार युनिट छन्। ती युनिटले बिरामीले रेडक्रसको रक्तसञ्चारबाट ल्याएको रगत स्टक राख्ने, बिरामी कुरुवाले ल्याउने रक्तदाताबाट रगत सङ्कलन गर्ने लगायतका कामहरु गर्ने गरेका छन्।

## स्वास्थ्य/खेलकुद



# राष्ट्रियस्तरको ब्याडमिन्टन प्रतियोगिता हुने

खैरहनीमा प्रथम ज्यामिरे कप फुटबल हुने

रत्ननगर। पूर्वी चितवनको खैरहनी वडा नं-१, ज्यामिरेमा प्रथम ज्यामिरे कप खुल्ला नकआउट प्रतियोगिता हुने भएको छ। ज्यामिरे युवा क्लबको आयोजनामा यही पुस १२ गतेदेखि २५ गतेसम्म प्रतियोगिता हुने क्लबका अध्यक्ष ध्रुव सापकोटाले जानकारी दिए।




प्रतियोगिताको तयारीका बारेमा जानकारी दिने उद्देश्यले आयोजित पत्रकार सम्मेलनमा आयोजक क्लबले ज्यामिरेस्थित नमुना बस्तीनजिक रहेको कयर खोला चौरमा प्रतियोगिता हुने क्लबका उपाध्यक्ष एवम् कार्यक्रम संयोजक नवीन थापाले जानकारी दिए।

राष्ट्रियस्तरका १६ टिमको सहभागी रहने प्रतियोगिता सम्पन्न गर्न १२ लाख ४० हजार लाग्ने अनुमान गरिएको छ। खैरहनी नगरपालिका वडा नं-१ संरक्षक रहेको प्रतियोगिताको प्रथम पुरस्कार एक लाख र द्वितीय पुरस्कार ५० हजार रूपैयाँ रहेको छ।

युवालाई कुलतबाट जोगाउने, नयाँ खेलाडी उत्पादन गर्ने, सामाजिक एकता कायम गर्ने, खेल पर्यटनको विकास गर्ने, स्थानीय उत्पादनको बजारीकरण गर्ने उद्देश्यले प्रथम ज्यामिरे कप आयोजना गरिएको प्रतियोगिताका सहसंयोजक अरूण नेपालले जानकारी दिए।

प्रतियोगिताको उद्घाटनमा सोही वडा निवासी नायक सरोज खनाल, चलचित्र निर्देशक किशोर चौधरी र उदीयमान गायिका दर्शना गान्धारीलाई सम्मान गरिने क्लबका अध्यक्ष सापकोटाले बताए।

प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडी, उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, फरवार्ड, कोच, अनुशासित टिमलाई पुरस्कृत गरिने छ।

## भरतपुर महानगरपालिका
## नगर कार्यपालिका कार्यालय
### भरतपुर, चितवन

## सूचना ! सूचना !! सूचना !!!

भरतपुर महानगरपालिकालाई देशकै सुन्दर, समृद्ध र सुसंस्कृत सहर बनाउने जिम्मेवारी तथा दायित्व तपाई हामी सबै सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरु, नागरिक समाज एवं हामीसबै महानगरवासीको हो। महानगरपालिकाले भौतिक विकासका साथसाथै महानगरपालिकालाई हरियाली, बातावरण अनुकुलीत महानगर बनाउनको लागि विगत वर्षदेखि हरियाली एवं वृहत्तर सरसफाई कार्यलाई समुदायस्तरबाट अभियानको रुपमा सुरुवात गरी निरन्तरता दिइआएको छ। यस महानगरपालिका अन्तर्गत सिर्जित सबै किसिमका फोहोरमैलालाई महानगरपालिकाबाट तोकिएको समयमा जनताका घर, घरबाट नै संकलन तथा उचित व्यवस्थापन हुँदै आएको छ।

यद्यपी सार्वजनिक स्थलहरुमा फोहोर फाल्ने, सडकका दायाँ बायाँ रोपिएका विरुवाहरु उखल्ने, सुर्तिजन्य तथा खाद्य पदार्थहरुको खोलहरु यत्रतत्र फाल्ने, लुकिछिपी घरबाट निस्कने फोहोरमैलाहरु आफ्नो घरआँगन भित्र नराखी सडक किनारमा फाल्ने, सार्वजनिक स्थलमा निर्माण सामाग्रीहरु थुपार्ने, सार्वजनिक संस्थाहरुबाट समेत निर्माण कार्यसम्पन्न पश्चात पनि विद्युतका पोलहरु, दुरसञ्चार तथा इन्टरनेट केवल तारजन्य सामाग्रीहरु सडकपेटीमा राखे प्रवृत्ति देखिएकोले उक्त कार्यहरु नगर्नु नगराउनु हुन यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ। अब उप्रान्त अनुगमनका क्रममा माथि उल्लेखित गतिविधि देखिएमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ मा उल्लेख भएअनुसारको कसुर मानी दफा ३९ बमोजिम रु. ५ हजार देखि रु. १ लाखसम्मको जरिवाना र सजायका साथै भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम जरिवानासमेत स्थलगत रुपमा यस कार्यालयबाट खटिएका नगर प्रहरी लगायतका कर्मचारी मार्फत असुलउपर गरी प्रचलित ऐन, कानून बमोजिम आवश्यक कारवाही गरिने व्यहोरा संम्बन्धित सबैका लागि जानकारी गराइएको छ।

**भरतपुर महानगरपालिका**
**वातावरण तथा विपद व्यवस्थापन महाशाखा**

बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.
भरतपुर, चितवन, मो. ९८४५०६७४१४
ना ४२ प १९९७
हाम्रा सेवाहरू :
ना ४२ प १९९७
नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ कार्ड
बिल/रसिद | विवाह कार्ड | नाईलन छाप
कम्प्युटर टाईपिङ | बुक सेटिङ/छपाई | म्यागजिन डिजाईन
यहाँ नम्बर प्लेट बनाइन्छ ।
पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ... ।

न्यूज प्रवाह साप्ताहिक इ-पेपरमा
login : www.newsprabah.com
https://newsprabah.com/e-paper/

Cell: 9845067414
B. & B. Media Network [P.] Ltd.
Bharatpur, Chitwan
Remember for :
Visiting card | Wedding card | Number Plate
Color Print | Nylon Stamp | Bill/Receipt
Computer Design | Flex/Photo Print | All kinds of Printing Job

# सेवासुविधाको रकमबाट विपन्न विद्यार्थीलाई न्यानो कपडा

रत्ननगर । रत्ननगर नगरपालिकाका मेयर प्रलाद सापकोटाले तीन महिनाको सेवासुविधाबापतको रकमबाट राष्ट्रिय आधारभूत विद्यालय जमुनापुरका विद्यार्थीलाई ट्र्याकसुट र शैक्षिक सामग्री सहयोग गरेका छन् ।

विद्यालय परिसरमा आयोजित कार्यक्रममा मेयर सापकोटासहितका जनप्रतिनिधिहरुले उक्त सामग्री विद्यार्थीहरुलाई हस्तान्तरण गरेका थिए। सामग्री हस्तान्तरण गर्दै मेयर सापकोटाले भने, “मेयर हुनुअघिदेखि नै म समाजसेवामा लागिपरेको व्यक्ति हुँ, मेयर भएपछि यो जिम्मेवारीले मलाई अझ बढी अवसर दिएको छ। नगरपालिकाबाट मैले प्राप्त गर्ने तलबभत्ता पूर्णरुपमा समाजसेवामा खर्च गर्दै आएको छु। यो रकमबाट मैले व्यक्तिगत खर्च गरेको छैन, बरू आवश्यकता परेका ठाउँमा सहयोग पुऱ्याएको छु।”

उनले पछिल्लो समय आफ्नो विषयमा केही व्यक्तिबाट नकारात्मक टिप्पणी र आलोचना भएको प्रसङ्ग पनि उठाए। उनले भने, “केही व्यक्तिहरुले मेरो कामका बारेमा नराम्रो टिप्पणी गरेका छन् । तर, यस्ता कुराले मलाई कुनै असर गर्दैन, बरू यस्ता टिप्पणीले मलाई अझ बढी ऊर्जा दिन्छ। म समाजसेवामा निरन्तर लागिरहन्छु र यो क्रम कहिल्यै रोकिँदैन, मेरो उद्देश्य केवल नगरवासीको हित र विकास हो।”

कार्यक्रममा मेयर सापकोटाले आगामी शिक्षानीतिबारे पनि महत्त्वपूर्ण जानकारी दिए। “हामी २०८३ सालदेखि कक्षा १२ सम्म निःशुल्क शिक्षा लागू गर्ने तयारीमा जुटेका छौँ। यो नगरपालिकाको ठूलो उपलब्धि हुनेछ र हाम्रा बालबालिकाको भविष्य उज्यालो बनाउन मद्दत पुग्नेछ”, उनले भने।

विद्यालयका प्रधानाध्यापक झलकबहादुर अधिकारीले मेयर सापकोटाको सहयोगप्रति धन्यवाद व्यक्त गरे। उनले विद्यालयमा हाल १२६ जना विद्यार्थी अध्ययनरत रहेको जानकारी दिँदै भौतिक पूर्वाधारको सुधारका लागि नगरपालिकाको ध्यानाकर्षण गराए।

कार्यक्रममा नगर प्रवक्ता तथा वडा नम्बर-१ का वडाध्यक्ष कुलप्रसाद सापकोटा, वडा नम्बर-३ का वडाध्यक्ष सोहेन्द्रराज खरेल, वडा नम्बर-४ का रामकुमार चौधरी, वडा नम्बर-६ का किरण महतो, वडा नम्बर-१० का कलाधर पौडेल, वडा नम्बर-८ का कृष्ण चौधरी, वडा नम्बर-९ का अनन्त अधिकारी र वडा नम्बर-१२ का सुन्दरमणि सुवेदीलगायतका जनप्रतिनिधिहरुको उपस्थिति थियो।

कार्यक्रमको सञ्चालन अनिता अर्यालले गरेकी थिइन् भने कार्यपालिका सदस्य चन्द्रकला पनेरुले स्वागत मन्तव्य राखेकी थिइन्। विद्यालय व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष डकबहादुर गुरूङको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको थियो।

# एक वर्ष अघि बेपत्ता किशोरीको उद्धार

रत्ननगर । एक वर्षअघि हराएकी कालिका नगरपालिका घर भएकी १८ वर्षीया अस्मिता (परिवर्तित नाम) को उद्धार गरी परिवारको जिम्मा लगाइएको छ। श्री एन्जल्स नेपाल चितवन शाखाले राप्ती नगरपालिकाको लोथरबाट उद्धार गरी परिवारको जिम्मा लगाएको हो।



बिहीबार दिउँसो करिब ३ बजे नारायणगढबाट वीरगन्जतर्फ जाँदै गरेको मिनीबसमा उनी भेटिएकी थिइन्। अन्दाजी २७/२८ वर्षको एक युवकसँगै यात्रा गरिरहेको अवस्थामा भेटिएकी उनी शङ्कास्पद अवस्थालाई ध्यानमा राख्दै श्री एन्जल्स नेपाल चितवन शाखाको टोलीले किशोरीलाई सुरक्षितरुपमा नियन्त्रणमा लिएको थियो।

श्री एन्जल्स नेपाल चितवन शाखाकी प्रमुख सुनिता सिलवालका अनुसार किशोरीलाई इलाका प्रहरी कार्यालय भण्डाराको रोहवरमा आवश्यक सोधपुछ तथा प्रक्रिया पूरा गरी आमाको जिम्मा लगाइएको छ। सो क्रममा किशोरीसँगै रहेका पुरूष भने उक्त स्थानबाट फरार भएको र उनको खोजी तथा आवश्यक अनुसन्धानका लागि प्रहरीलाई जानकारी गराइएको प्रमुख सिलवालले जानकारी दिइन्।

श्री एन्जल्स नेपाल चितवन शाखाले पछिल्लो समय मानव बेचबिखन, ओसारपसार तथा बेपत्ता महिला, बालबालिका र बेवारिसे व्यक्तिहरुको उद्धारलाई प्राथमिकतामा राख्दै सक्रिय भूमिका खेल्दै आएको छ। संस्थाले समुदायस्तरमै निगरानी बढाई जोखिममा परेका व्यक्तिहरुलाई सुरक्षित गर्न र परिवारसँग पुनर्मिलन गराउन निरन्तर पहल गरिरहेको जनाएको सिलवालको भनाइ छ।

# डेढ सय गणकद्वारा बाघ गणना सुरु

भरतपुर। चितवन राष्ट्रिय निकुञ्जमा बाघ गणना सुरु गरिएको छ। बाघ गणनाका लागि यही पुस १ र २ गते तालिम दिएपछि एक सय ५० जना गणकहरू कार्यक्षेत्रमा खटिएका छन्।

निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार पहिलो चरणमा त्रिवेणी, अमलटारी, कसरा, हुँदै बरण्डाभार क्षेत्रमा गणकहरू खटिएका छन्। उनले पहिलो भागअन्तर्गत यस क्षेत्रमा २८६ वटा ग्रिड बनाएर गणना गरिने जानकारी दिए। उनले भने, “एउटा ग्रिडमा एक जोडी स्वचालित क्यामेरा राखिने छ।”

चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्जलाई एउटा ब्लक बनाएर बाघ गणना गर्न लागिएको जनाउँदै मगरले उक्त ब्लकलाई तीन भागमा विभाजन गरिएको बताए। उनका अनुसार एउटा भागमा दुई साता क्यामेरा राखी बाघ गणना गरिने छ। चितवन-पर्सा ब्लकमा नौ सय ५८ वटा ग्रिड बनाएर बाघ गणना गर्न लागिएको उल्लेख गर्दै सूचना अधिकारी मगरले यसको अर्थ दुई वर्ग किलोमिटर क्षेत्रलाई एउटा ग्रिड बनाएर गणना गरिने जानकारी दिए।

“योसँगै बाघ भएका बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पनि गणना गरिँदै छ। तीन महिना लगाएर बाघ गणना गर्न लागिएको हो। हरेक चार/चार वर्षमा बाघ गणना गरिँदै आइएको छ”, मगरले भने।

निकुञ्जका कर्मचारी, राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिक, स्थानीय स्वयंसेवी, विद्यार्थी र संरक्षणका साझेदारहरू गणनामा सहभागी भएका उनले जानकारी दिए।

ग्रिडहरू बीचभागमा पर्ने स्थानमा गणना गर्ने प्राविधिक क्याम्प (शिविर) सथापना गरी गणकका लागि बस्ने व्यवस्था गरिएको निकुञ्ज कार्यालयले जनाएको छ। गणकहरूले भूगोल अनुसार आठदेखि १२ सम्मको ग्रिडमा राखिएका क्यामेरा दैनिक अनुगमन गर्ने उनले जानकारी दिए।

## फिल्म/मनोरञ्जन

# अञ्जना “हिट मेसिन”, चार फिल्म ब्लकबस्टर

काठमाडौं। फिल्म सफलताको लोभ हरेक कलाकारमा हुन्छ। तर, यसको स्वाद कमैले चाख्न पाउँछन्। पछिल्लो समय फिल्म सफलताको सबैभन्दा बढी सुखभोग गर्ने अभिनेत्रीमा अञ्जना बराइलीको



नाम अग्रस्थानमा आउँछ। अहिले उनी कीर्तिमानी अभिनेत्रीको रूपमा समेत परिचित छिन्। उनको मुख्य भूमिका रहेको पछिल्लो फिल्म ‘पूर्ण बहादुरको सारङ्गी’ले बक्स अफिसमा इतिहास रचेको छ।

चर्चित गीत ‘घुमी घुमी’बाट दर्शकमाझ चिनिएकी उनले फिल्म ‘महापुरुष’बाट डेब्युको अवसर पाएकी थिइन्। पहिलो फिल्मले नै व्यावसायिक सफलता हासिल गर्दा उनको करिअर एकैपटकमा उत्कर्षमा पुग्यो। यसपछि उनले अतिथि भूमिकामा काम गरेको दोस्रो फिल्म ‘चित्रा’ असफल भए पनि तेस्रो फिल्म ‘पूजार सार्की’ले सफलता हासिल गऱ्यो। यसले लगभग ८ करोड कमाएको छ।

‘पूजार सार्की’को सफलतामा रमाइरहँदा अञ्जनालाई चौथो फिल्म ‘पूर्ण बहादुरको सारङ्गी’ले नसोचेको खुसी दियो। यो उनको करिअरको मात्र नभइ नेपाली फिल्मको इतिहासमा नै सबैभन्दा धेरै कमाउने फिल्म हो। यसपछि आएका उनका दुई फिल्म ‘डोरी’ र ‘महाभोज’ भने नराम्ररी डुबे। तर, उनलाई यी दुई फिल्मको असफलताले दिएको पीडा अर्को फिल्म ‘परान’ले भुलाइदिएको छ।

गत कात्तिक १४ गते प्रदर्शन भएको यस फिल्मले शनिबार ५१ दिन पूरा गर्दै बक्स अफिसमा झन्डै १८ करोड कमाएको छ। योसँगै नेपाली फिल्मको इतिहासमा ‘परान’ सर्वाधिक कमाउने चौथो फिल्म बनेको छ। यसको सफलताले अञ्जनालाई अझ फाइदा पुगेको देखिन्छ। किनकि, उनको अभिनय ‘सारङ्गी’मा भन्दा बढी रूचाइएको छ। यसैले यतिबेला फिल्ममा उनको माग निकै बढेको छ।

लगातार फिल्म सफल हुँदा उनले पारिश्रमिक पनि ह्वात्तै बढाएकी छन्। नयाँ फिल्म ‘परिवर्तन’मा २० लाख पारिश्रमिक लिएकी उनले ‘परान’को सफलतापछि २५ लाखसम्म डिमान्ड गर्न थालेको बताइन्छ। हुन त लगातार फिल्म चल्दा सुनभन्दा महंगो बन्ने र फिल्म चल्न छाडेपछि पित्तलभन्दा सस्तो बन्ने नेपाली कलाकारहरूको बानी नै छ। अब अञ्जनाको हकमा के हुन्छ, हेर्न बाँकी छ।

# “गोबर गणेश”को शीर्ष गीत सार्वजनिक

काठमाडौं। चर्चित हास्य कलाकार मरिचमान श्रेष्ठ (बल्छी धुर्बे)को डेब्यु निर्देशकीय फिल्म ‘गोबर गणेश’को शीर्ष गीत सार्वजनिक गरिएको छ। रमाइलो शैलीमा तयार पारिएको यस गीतमा निर्देशक श्रेष्ठ स्वयंको स्वर रहेको छ भने शब्द तथा संगीत बाबुल गिरीको हो। सबै काममा अब्बल पात्र पढाइमा




भने कमजोर रहेको कुरालाई गीतमा रोचक ढंगले प्रस्तुत गरिएको छ।

गम्भीर विष्टको कोरियोग्राफी रहेको गीतको भिडियोमा मरिचमानसँगै वर्षा सिवाकोटी, निर्मल शर्मा, पदम तामाङ, पुजन घिमिरे (पुकु) लगायत कलाकारलाई देख्न सकिन्छ। भिडियोका केही दृश्यमा मरिचमान सुटबुटमा ठाँटिएर प्रस्तुत भएका छन् भने केहीमा उनी विद्यालयको पोशाकमा देखिएका छन्। गीतले फिल्ममा उनको पात्र पढाइमा कमजोर रहेको खुलासा गर्छ।

आगामी माघ १ गतेबाट प्रदर्शन हुन लागेको यो फिल्ममा विनोद न्यौपाने, लक्ष्मीनाथ तिमल्सिना, सन्तोष बानियाँ, माओत्से गुरुङ, सीतादेवी तिमल्सिना, बुद्धि तामाङ लगायतका कलाकारहरूको पनि अभिनय रहेको छ।

बल्छी धुर्बे फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्ममा शिवराम श्रेष्ठको डीओपी तथा विपिन मल्लको सम्पादन रहेको छ।

निर्देशक श्रेष्ठले आफूले दर्शक हँसाउनका लागि फिल्म बनाएको बताएका छन्। उनले भनेका छन्, ‘यसभित्र मेरो अनगिन्ती सपना, पसिना र मौन प्रार्थना मिसिएको छ। हामीलाई सानो पर्दामा जसरी दर्शकले साथ र माया दिनुभयो, त्यस्तै माया र साथ ठूलो पर्दाका दर्शकले पनि दिनुहुन्छ भन्ने पूर्ण विश्वास छ। हामीले यो फिल्म दर्शकलाई हँसाउन बनाएका हौं।’ *-फिल्मीखबरबाट।*



न्यूजप्रवाह साप्ताहिक Newsprabah weekly | वर्ष : ५, अंक : २१, पूर्णाङ्क : १९९ | २०८२ पुस ९ गते बुधबार (Wednesday, 24 Dec., 2025) | चितवन जि.प्र.का.द.नं. १८२/०७८/०७९ चितवन जि.हु.का.द.नं. १/०७८/०७९


# भरतपुर-२५ मा 'बखान' उपन्यासमाथि परिचर्चा

भरतपुर। साहित्यकार एवम् पत्रकार बसन्त पराजुलीको तेस्रो कृति 'बखान'माथि भरतपुर-२५, शोशीमा परिचर्चा भएको छ। सुधा पुञ्ज साहित्य समिति र थारु पत्रकार संघ नेपाल शाखा चितवनको आयोजना तथा भरतपुर-२५ को वडा कार्यालयको प्रवर्द्धनमा ऐतिहासिक उपन्यास 'बखान'को परिचर्चा गरिएको हो। सुधा पुञ्ज साहित्यिक संस्थाका अध्यक्ष रूद्रप्रसाद अभागीको अध्यक्षता र भरतपुर-२५ का वडाध्यक्ष छविलाल सापकोटाको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो।

उक्त कृतिमाथि काठमाडौं युनिभर्सिटीका प्राध्यापक डा. सञ्जय चौधरीले पुस्तकका विविध पक्षमा समीक्षा गरेका थिए। पुस्तकमाथि चर्चा गर्दै उनले सरल, वर्णनात्मक तथा विवरणात्मक भाषाको प्रयोग गरी ऐतिहासिक पात्र बखानसिं गुरूङको जीवनी र त्यससँग सम्बन्धित ऐतिहासिक उपन्यास लेखिएको बताए। गोरखा, तनहुँ, चितवन र नरकटियागञ्ज बखानको मुख्य भूगोल भएको हुँदा उक्त विषयमा अझ ध्यान दिनुपर्ने देखिएको भन्दै उनले गुरूङको जीवनका विविध संघर्षमय क्षणहरुको रोचक चित्रणले उपन्यास जीवन्त बनेको बताए।

चित्रसेन बाबाको मन्दिरको कथा, सोमेश्वरगढी तथा त्यहाँको मन्दिरको कथा, उपरदाङ्गढीको सन्दर्भ, देवघाटको प्राचीनताको कथा, चितवन राष्ट्रिय निकुञ्जको स्थापना



र यहाँ राजपरिवार तथा विदेशीहरुले सिकारका नाममा गरेको जंगली जनावरहरुको सिकारको नृशंस कथा उपन्यासमा अनुसन्धानमूलक ढङ्गले समेटिएको उनको विश्लेषण थियो।

त्यस्तै, २००७ सालको राणाविरोधी जनक्रान्ति, २०१७ सालमा राजा महेन्द्रले गरेको कु, त्यसपछि नेपाली कांग्रेसको नेतृत्वमा भएको विद्रोह, पुलिसराङ्देखि बन्दीपुरसम्मका तत्कालीन सन्दर्भ, चितवनमा बस्ती विकासका प्रारम्भिक दिनको कथा कलात्मकरुपमा बुनिएको उपन्यास रूचिकर रहेको भन्दै उपन्यासमा वर्णनात्मकता र विवरणात्मकता बढी भएकाले साहित्यिक मिठास भने केही कम भएको उनले बताए।

कार्यक्रमका प्रमुखअतिथि वडाध्यक्ष सापकोटाले उपन्यासकार पराजुलीले कृतिमार्फत आफ्नो जिल्ला चितवन र यहाँका विशिष्ट स्थान तथा ऐतिहासिक सन्दर्भ चिनाउने प्रयास गरेको भन्दै आभार व्यक्त गरेका थिए। सहकारीकर्मी, राजनीतिकर्मीदेखि सबैका लागि उपन्यास पठनीय र सङ्ग्रहणीय बनेको उनले बताए।

साहित्यकार एवम् प्राध्यापक एलबी क्षेत्रीले २०१८ सालमा चितवनमा पञ्चायतविरूद्ध भएको संघर्षको विषय उपन्यासमा समेटिएको भन्दै उपन्यासभित्रका प्रमुख पात्र बखानसिंह गुरूङले राज्यबाट पाउनुपर्ने सम्मान नागरिक तहबाट पाएको वताए। 'कम्तीमा नागरिकका तर्फबाट पराजुलीले उपन्यास लेखेर एकपटक सम्मान दिने प्रयास भएको छ', उनले भने, 'यो सम्मान राज्यले दिनुपर्ने थियो।'

उपन्यास भएको हुँदा कतिपय प्रसङ्ग काल्पनिक हुने लेखक पराजुलीले बताए। उपन्यासमार्फत चितवनको विगतलाई केलाउने क्रममा उपन्यासका प्रमुख पात्र बखानसिंहलाई चितवन चिनाउन आवश्यक स्थानहरुको भ्रमण गराइएको प्रसङ्ग सुनाउँदै उनले भने, 'कतिपय स्थानमा मुख्य पात्रलाई नपुर्‍याइँदा चितवनको परिचय अधुरो रहन्थ्यो, त्यसकारण वास्तविकतामा केही कल्पनाशीलता पनि मिसिएको छ।' बखानसिंह गुरूङलाई मुख्य पात्रका रुपमा उभ्याइँदा गुरूङ संस्कार, संस्कृति र चालचलनलाई पनि समेट्न आवश्यक पर्ने हुँदा ती विषयलाई पनि उपन्यासमा समेट्ने प्रयास गरिएको उनको भनाइ छ।

कार्यक्रममा पूर्वगाविस अध्यक्ष एवम् पूर्ववडा अध्यक्ष विजय भुजेल, शुक्रनगरका पूर्वप्रधानपञ्च धनप्रसाद श्रेष्ठ, बछौली साहित्य समाजका अध्यक्ष धनराज गिरीलगायतको आतिथ्यता रहेको थियो। सो अवसरमा कविता तथा रचना वाचन गर्ने स्रष्टाहरुमा सूर्यप्रकाश जमरकट्टेल, देवदत्त अधिकारी, अञ्जना भण्डारी, तुलसीरमण रेग्मी, हरिराम पौडेल, प्राज्ञ चन्द्रमणि महतोलगायत थिए।

उक्त अवसरमा समाजका विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याएका करिब दुई दर्जन समाजसेवी तथा ज्येष्ठ नागरिकलाई दोसल्ला, सम्मानपत्रसहित सम्मान गरिएको थियो। उपन्यासकार पराजुलीका यसअघि 'कुमाता' र 'मोम्चो' दुई कथासङ्ग्रह प्रकाशित छन्।

## पत्रकारहरु...

नेपालले पत्रकार आचारसंहिताको वर्तमान आवश्यकताका विषयमा जिल्ला तहमा छलफल थालेको भन्दै सदस्य अर्यालले काउन्सिलको काम-कारबाहीप्रति गुनासो भए सीधै सम्पर्क गर्न सकिने बताए।

कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघ चितवनका अध्यक्ष बसन्त पराजुलीले आचारसंहिता पालना गरेमा मात्रै पनि यस क्षेत्रको धेरै विकृतिहरु आफैं हटेर जाने विचार राखे।

कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेश महासचिव राधेश्याम खतिवडा, पूर्वअध्यक्ष कृष्ण गिरी, कृष्ण भण्डारीलगायतले आचारसंहिताको कार्यान्वयन पक्षमा आआफ्ना धारणा राखेका थिए।

## धार्मिक...

आधुनिक सहरको रूपमा विकास गर्न आवश्यक पहल गर्ने बताए। उनले देवघाट क्षेत्र विकास तथा शक्तिखोर औद्योगिक क्षेत्रको निर्माणमा लाग्ने बताए। उनले चितवनमा विद्युत् विकासको काम भइरहेको र त्यसलाई गुणस्तरीय बनाउने बताउँदै उद्योगहरूलाई आवश्यक डेडिकेटेड लाइनको लागि औद्योगिक क्षेत्रको आवश्यकपर्ने बताए।

उद्योगी व्यवसायीहरू एवम् आमजनसमुदायले पार्किङ व्यवस्थापन, नदी कटान क्षेत्रको तटबन्ध, व्यवस्थित ढल निकास, रिसाइक्लिङ उद्योगहरूले भोग्नुपरेका समस्या, विद्युत् महसुल एवम् जरिवाना शुल्क घटाउनुपर्नेलगायत समग्र चितवनको विकाससँग सम्बन्धित मागहरू राखेका थिए।

सोही अवसरमा संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले नारायणी नदीकिनारको बृहत् गुरूयोजनासहितको प्रस्तावना हस्तान्तरण गर्दै रकम विनियोजनका लागि अनुरोध गरेका थिए।

कार्यक्रममा चितवन उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष राजु श्रेष्ठलगायत संघका पदाधिकारी, कार्यसमिति, विभिन्न वस्तुगत संघको अध्यक्ष एवम् प्रतिनिधि, उद्योगी व्यवसायीहरू, स्थानीय टोल विकास समितिका अध्यक्ष एवम् प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो। संघका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले धन्यवाद ज्ञापनसहित कार्यक्रमको समापन गरेका थिए।

## 'वर्तमान...

पूरा गर्न र निर्वाचन सम्पन्न गर्ने हकमा सरकारसँग सधैं खडा हुनेछ।"

उनले सुशासनका सवालमा सरकार दृढतापूर्वक उभिनुपर्नेमा जोड दिए। सभापति लामिछानेले भने, "मेरो व्यक्तिगत माग केही छैन। जेनजीले जेका लागि बलिदानी दिएका थिए त्यो पूरा गर्न सरकार अडिग रहोस्, त्यसमा हामी साथ दिन्छौं। सुशासनका भाइ-बहिनीले बगाएको रगत, तिनका परिवारको सपनाबारे सरकारले कुनै कसर बाँकी नराखोस्।"

देश जटिल परिस्थितिमा उभिएकाले सबैले संयमित भएर काम गर्नुपर्नेमा जोड दिँदै उनले आवेग वा उत्तेजनामा काम गरेर केही हासिल नहुने धारणा राखे। सभापति लामिछानेले प्रतिशोधपूर्ण राजनीति आफूबाट नहुने र सधैं लोकतन्त्रमा विश्वास गर्दै जिम्मेवार भएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे।

## देश...

चितवन जिल्लालाई देशको ७७ जिल्लाभन्दा पनि पछिको जिल्ला मानिएको हुँदा चितवनको विकासमा हुनुपर्ने काम अझै बाँकी रहेको मन्त्री घिसिङको भनाइ छ। कृषि, उद्योग, व्यापार हरेक दृष्टिमा चितवन अगाडि रहेको हुँदा चितवनलई देशको प्रमुख शहरको रुपमा विकास गर्न आवश्यक रहेको उनको भनाइ छ। त्यसकारण चितवन जिल्लालाई नमुना जिल्लाको रुपमा विकास गर्न आवश्यक रहेको उनले बताए।

कार्यक्रममा उज्यालो नेपाल पार्टीकी नेतृ रीमा विश्वकर्माले नेकपा एमालेका अध्यक्ष केपी ओलीको पछिल्लो अभिव्यक्तिप्रति आपत्ति जनाएकी छिन्। एमाले नेतृत्वमाथि कसैले छुने आँट गरे देश ठप्प पार्ने एमाले अध्यक्ष ओलीको अभिव्यक्तिप्रति केन्द्रित हुँदै उनले भनिन्, 'के देश उहाँको कुटी हो र ठप्प पार्न र खोल्नलाई ?' देश कसैको कुटी नभएको भन्दै जबर्जस्ती बन्द गराउने चेतावनी अस्वीकार्य भएको उनको भनाइ छ।

संविधानको कुरा गर्ने एमालेले नै संविधानको पालना नगरे नागरिकता र उत्तरदायित्वमाथि प्रश्न उठ्ने उनले बताइन्। ओलीको अभिव्यक्तिले मानवीय संवेदना भड्काउनुका साथै देश र समाजलाई गलत दिशामा लैजाने भएकोले यस्ता अभिव्यक्ति दिनबाट सचेत हुन पनि उनले आग्रह गरिन्।






### महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| **आकस्मिक एम्बुलेन्स सेवा** | |
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| पराशी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैंडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैंडाकोट | ९८५५०५६५५९ |
| नेपाल सयोग नि. संस्था | ९७४५०६७४०० |
| **अस्पताल काठमाडौं** | |
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |
| **अस्पताल चितवन** | |
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |
| **प्रहरी प्रशासन** | |
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैंडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |
| **पत्रपत्रिका/सञ्चार** | |
| नेपाल पत्रकार महासंघ, चितवन | ५२२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२०१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

**पत्रिका मागेर हैन किनेर पढने बानी बसालौं।**

न्यूजप्रवाह साप्ताहिक Newsprabah weekly

## साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** — यो सातामा शुभकार्यको चर्चा चल्नेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। मनमा उत्साहका साथै बोली बिक्ने समय छ। नसोचेको ठाउँबाट धनागम हुनेछ। आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ, तर स्वास्थ्य प्रति चैं सावधानी अपनाउनुपर्छ।

**वृष** — यो सप्ताह धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। प्रेममा मधुरता छाउला। आँटेको र ताकेको कार्य पुरा होला। साताको उत्तरार्धबाट आर्थिक कारोबारमा मन्दी आउनेछ।

**मिथुन** — यो साता लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय रहेको छ। रोकिएको काम दोहोर्‍याएर प्रयत्न गर्दा सफलता मिल्नेछ। साताको अन्त्यमा व्यस्तता बढ्नुका साथै स्वास्थ्यप्रति सजगता अपनाउनु होला।

**कर्कट** — यो साता शुभ कार्यको योजना बन्नेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। बन्धु बान्धवबाट सहयोग मिल्नेछ। सेयरको कारोबारमा फाइदा पनि बढ्न सक्छ। साताको अन्त्यमा अनावश्यक ठाउँमा धन खर्च होला।

**सिंह** — यो साता स्वास्थ्यमा समस्या हुनसक्छ, त्यसैले सङ्क्रमणबाट आफू पनि बच्ने र अरूलाई पनि बचाउन सहयोग गर्नु होला। महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला, तर आत्मबल बढाएर काम गरेमा असफल भइँदैन। बुधवारबाट साथी भाइको भेटघाटले मन प्रसन्न रहला।

**कन्या** — यो साता विपरित वर्गबाट विशेष सहयोग मिल्ने र शुभ कार्यको योजना बन्नेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ। साताको मध्यमा सरकारी निकायको भय रहला।

**तुला** — यो साता कुनै कुराले मनमा शान्ति छाउनेछ। रोकिएका कामहरू पुनः सुरु हुन सक्छन्। विज्ञान र प्राविधिक कार्य अघि बढ्नेछ। मान प्रतिष्ठामा वृद्धि होला। प्रेम जीवन सबल र सफल हुनुका साथै आम्दानीका नयाँ स्रोत बढ्नेछन्।

**वृश्चिक** — यो सप्ताहमा सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। दैनिक कार्य र पढाइमा प्रगति नै हुनेछ। रमणीय र सुखद यात्राको योग छ। राजनीतिक कार्यमा सफलता मिल्नेछ। नयाँ कार्यको अवसर मिल्नेछ। व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**धनु** — यो साताको सुरुका दिनमा दबाब र तनाव बढेको महसुस हुनेछ र केही अप्ठयारा परिस्थितिको सामना गर्नुपर्ला। मन भावुक र उत्ताउलो बन्नेछ, सचेत रहनु होला। मङ्गलवारबाट शुभकार्यको चर्चा चल्नेछ।

**मकर** — यो साता धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ। स्वास्थ्य साबर र शिक्षामा सफलता मिल्नेछ। सामाजिक कार्यमा रुचि बढ्नेछ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। मनोरञ्जनमा सहभागिता भइएला।

**कुम्भ** — यो साता धार्मिक, सामाजिक र अरुको हित हुने काममा समय व्यतीत हुनसक्छ। व्यावसायिक काममा राम्रै फडको मार्न सकिनेछ। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। पारिवारिक जमघट र विशिष्ट व्यक्तिको सहयोग पाइनेछ।

**मिन** — यो साता सामाजिक कार्यमा रुचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ। पुँजी बजारमा लगानीको अवसर आउनाले मन प्रसन्न रहनेछ र पछि फाइदा हुनेछ। साताको मध्यमा मानसिक चिन्ता बढ्नेछ।

# हार्दिक बधाई तथा शुभकामना



यस नेटवर्क प्रा.लि.द्वारा सञ्चालित न्यूजप्रवाह डटकमका सम्पादक

**अनिषा तामाङ**को

शुक्ला गण्डकी नगरपालिका वडा नं. ३, दुरुङचुङ निवासी

**सन्तोष रानामगर**कासाथ

२०८२ मंसिर २२ गते सु-सम्पन्न भएको शुभ-विवाहको अवसरमा वर-वधुलाई धेरैधेरै आशीर्वाद तथा सुखद् दाम्पत्य जीवनको कामना गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष
**बबिलाल तामाङ**

निर्देशक
**विक्रम गुरुङ**

## बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.

भरतपुर-१६, चितवन परिवार